मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २७ ◆ अङ्क : १६३ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ बैशाख १८ गते आइतबार (Sunday, May 1. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## मेयरले त्यागे एमाले

**काठमाडौं, बैशाख १७ ।** बनेपा नगरपालिकाका मेयर लक्ष्मीनरसिंह वादेले नेकपा एमाले परित्याग गरेका छन् ।

वादे यसपटक पनि मेयरको उम्मेदवारको आकांक्षी थिए । तर, एमालेले नगर इञ्चार्ज रत्नकुश रञ्जितकारलाई उम्मेदवार बनाएको छ ।

शनिबार पत्रकार सम्मेलन गरेर मेयर वादेले आफ्नो परिवारले नै पार्टी परित्याग गरेको बताए । उनले सोमबार कार्यालय खुले लगत्तै मेयरबाट पनि राजीनामा दिने बताए ।

फरक दलबीच अघोषित मोर्चाबन्दी

## कचनकवल र दमकमा कस्ले बाजी मार्ला ?

**झापा, बैशाख १७।** सत्तागठबन्धन दलको निर्णय विपरीत झापाको कचनकवलमा नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी नेकपा एमालेबीच अघोषित मोर्चाबन्दी भएको छ ।

ती दलले राप्रपाविरुद्ध मोर्चाबन्दी गर्दै उम्मेदवारीमा तालमेल गरेका छन् । उता दमकमा प्रतिपक्षी दल एमालेबिरुद्ध राप्रपा, कांग्रेस र माओवादी केन्द्रको मोर्चाबन्दी भएको छ । कचनकवलको अध्यक्षमा कांग्रेसबाट कालेन्द्रप्रसाद सिंह राजवंशी उम्मेदवार बनेका छन् । उनलाई सघाउन एमालेबाट उम्मेदवार बनेकी दुर्गादेवी नेपालको उम्मेदवारी फिर्ता भएको छ । उपाध्यक्षमा एमालेबाट नवराज भट्टराई उम्मेदवार छन् ।

उनलाई सघाउन उक्त पदमा कांग्रेसबाट उम्मेदवार बनेकी सेलेतुन खातुनले उम्मेदवारी फिर्ता लिएकी छिन् । अघिल्लो चुनावमा त्यहाँ अध्यक्ष/उपाध्यक्ष नै राप्रपाले जितेको थियो । राप्रपाबाट अघिल्लोपटक चुनाव जितेका अञ्जरा आलम अध्यक्षमा र निमसरी राजवंशी उपाध्यक्षमा यसपटक पनि उम्मेदवार बनेका छन् ।

त्यहाँ नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्र, जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी, जनमत पार्टीले छुट्टाछुट्टै उम्मेदवार खडा गरेका छन् ।

एक्लै मैदानमा उत्रिएको राप्रपाले आफ्नो जित सुनिश्चित भएको दावी गरेको छ भने मोर्चाबन्दी गर्ने दलले आफ्नो प्रतिस्पर्धी नै नभएका कारण सहजै जित हासिल गर्ने बताउँदै आएका छन् ।

अघिल्लो चुनावमा कचनकवलमा राप्रपाका आलमले ५८१६ मत प्राप्त गरेका थिए । कांग्रेसका उम्मेदवारले ५३५३ र एमालेका उम्मेदवारले ३९७२ मत प्राप्त गरेका थिए । यसपटक कचनकवलमा ३०२११ मतदाता रहेका छन् ।

उता एमाले अध्यक्ष केपी शर्मा ओलीको गृह नगर दमकमा सो पार्टीका उम्मेदवारबिरुद्ध मोर्चाबन्दी गरेका दलले प्रमुखमा राप्रपाका राम थापालाई उम्मेदवार बनाएका छन् । उपप्रमुखमा कांग्रेसकी रेगिना भट्टराई उम्मेदवार बनेकी छिन् । उनीहरुलाई वडातहको भागभण्डामा सहमति गरेर माओवादी केन्द्रले समेत सघाउने भएको छ ।

अघिल्लो निर्वाचनमा एमालेबाट प्रमुखमा जितेका रोमनाथ ओलीले १०८०६ मत ल्याएका थिए । त्यहाँ राप्रपाका उम्मेदवार थापाले ७६५५, माओवादी केन्द्र उम्मेदवार गगन पुरीले ६८९८, कांग्रेसका उम्मेदवार ढुण्डीराज भण्डारीले ५५३९ मत प्राप्त गरेका थिए । यही मतलाई आफ्नो पार्टीको मतको रुपमा ती पार्टीले गणना गर्दै आएका छन् । यसपटक दमकमा ५८१७६ मतदाता रहेका छन् ।

एक्लै मैदानमा उत्रिएको एमालेले अघिल्लोपटक झै सहजै जित्ने बताएको छ भने मोर्चाबन्दी गरेका दलका उम्मेदवारले फराकिलो अन्तरले प्रमुखमा थापा र उपप्रमुखमा भट्टराईले जित हासिल गर्ने दावी गरेका छन् ।

## स्वतन्त्रलाई चिन्हः खसीको टाउकोदेखि गुलावसम्म

**झापा, बैशाख १७।** स्थानीय तह निर्वाचनका लागि १२,७८९ स्वतन्त्र उम्मेदवार छन् ।

कुनै पनि दलसँग आबद्ध नभएका वा दलको आधिकारिक उम्मेदवारबिरुद्ध बागी उम्मेदवारी दिएका उम्मेदवारहरूले शनिवार निर्वाचन चिन्ह पाएका छन् । निर्वाचन आयोगले स्वतन्त्र उम्मेदवारहरूलाई यसअघि नै तय गरिएका विभिन्न ४० प्रकारका चिन्हमध्येबाट प्रदान गरेको छ । आयोगले प्रकाशित गरेको नमूना मतपत्रमा एउटा जिल्लामा न्यूनतम् छ वटादेखि अधिकतम १० वटासम्म स्वतन्त्र उम्मेदवारले रोज्न मिल्ने चिन्हहरू राखिएका छन् । निर्वाचन आयोगले स्वतन्त्र उम्मेदवारहरूका लागि भ्यागुतो र खसीको टाउकोदेखि गुलाबको फूलसम्म निर्वाचन चिन्ह तय गरेको छ ।

स्थानीय तह निर्वाचन निर्देशिकाको अनुसूची २७ मा स्वतन्त्र निर्वाचन चिन्हहरूको सूची छ । त्यसको पहिलो नम्बरमा पुतली छ भने सबैभन्दा अन्तिम नम्बरमा पानी तान्ने कल राखिएको छ । आयोगले बिरालो, खरायो, जेब्रा, भालु, अर्ना, कङ्गारूदेखि बँदेलसम्मका जनावर स्वतन्त्र उम्मेदवारलाई प्रदान गरिने निर्वाचन चिह्नमा राखेको छ । दलहरूले यसअघि नै रोजेका चिन्हमा पनि जनावरहरू छन् । स्वतन्त्र उम्मेदवारले छान्न पाउने निर्वाचन चिन्हमा काग, चील, हाँसजस्ता पन्छीदेखि आँप, भुइँकटहर र केराजस्ता फलफूल तथा गुलाबको फूल पनि छन् ।

निर्वाचन चिन्हमा आयोगले खसीको टाउको, भ्यागुतो, लाल्टिन, मुढा र घण्टाघर पनि समेटेको छ । तिलहरीजस्ता गरगहना, चोलो र फ्रकजस्ता लुगाफाटोसम्म निर्वाचन चिन्ह छन् ।

आयोगले ग्यास सिलिन्डर, प्रेसर कुकर, चुलेंसी र कपप्लेटजस्ता घरायसी प्रयोगमा आउने सामग्री पनि निर्वाचन चिन्हका रूपमा राखेको छ । चिन्हमा लौरो, खानेपानीको धारा, टायर, रिक्सा र सिरिञ्ज पनि छन् ।

यता झापाका एक सय २१ स्वतन्त्र उम्मेदवारले चुनावी चिन्हको रुपमा जेब्रा, खरायो, गुलावको फूल, भुइकटर, पुतली, मुडा, हाँस, व्याडमिन्टको कक, खानेपानीको धारा, लौरो, कैंची र आप पाएका छन ।

**ADMISSION OPEN ! ENROL NOW !**

A well reputed school in Birtamod announces new admission in limited seats for the academic year 2079.

**Admission Open For :**

1. Play Group 2. Nursery to Grade IX

Admission forms are being distributed from the office of the school.

**First Admission Test :** Baisakh 16th, 2079 (10am onwards)

**Second Admission Test :** Baisakh 19th, 2079 (10am onwards)

**Buddha Smriti Education Foundation**

ATITHISADAN ROAD, BIRTAMOD-1

CONTACT NO.: 023-590153, 9802541053

**TAKSHASHILA EDUCATION FOUNDATION**

Harkalal Marga, Ghantibari, Birtamode-6, Jhapa

**ADMISSION NOTICE**

Admissions Open for Academic Session 2079 for Classes

**PLAY GROUP TO GRADE 8**

TAKSHASHILA EDUCATION FOUNDATION

- Forms available from school office on all working days. (Sunday through Friday) between 9:00 to 4:00 p.m.
- Last date for the submission of forms 18 Baisakh 2079, 29 April 2022.
- Admission test 19 & 20 Baisakh 2079, 2 & 3 May 2022 (10:00 a.m.- 2:00 p.m.)
- Announcement of result 23 Baisakh 2079, 6 May 2022.

For futher details contact the school admission desk:

Phones: 023-543211, 023-542020, 9841457199

**हाडजोर्नी तथा नशा रोगको सफल उपचार**

**सस्तो, भरपर्दो र गुणस्तरीय फिजियोथेरापी सेवा अब बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

प्यारालाइसिस, सम्पूर्ण हाडजोर्नी, नशाको समस्या कुमजाम भएको, नशा चेपिएको डिस्क प्रोल्याप्स, बाथ, युरिक एसिड साथै अन्य सबै रोगको अष्टाङ्ग फार्मेसीबाट औषधि र उपचार दैनिक ।

**बस्नको सुविधासहित फोन नं. ९८०६०००३१३, ०२३-५९०१६६, दैनिक ओपीडीमा डा. विनय प्रधान, डा. भगवान शाह र अन्य काठमाडौंबाट आउनुहुने डाक्टरबाट पनि जाँच सेवा ।**

***दैनिक छारसूत्र विधिद्वारा पायल्सको सफल उपचार गरिन्छ ।***

## चोरीमा संलग्न ३ जना पक्राउ

**मोरङ, बैशाख १७।** मोरङको बिराटनगर महानगरपालिका-६ स्थितबाट चोरीमा संलग्न तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।



पक्राउ पर्नेमा बिराटनगर-८का २२ बर्षीय मोहमद जुमन, बिराटनगर-११ का ३४ बर्षीय मोहमद अन्सारुल र बिराटनगर-१२ का २२ बर्षीय पवन रविदास रहेका छन । वडा प्रहरी कार्यालय (क) बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर-६ स्थित रामपुर चौकमा सिटी सफारीमा प्रयोग हुने ५ थान ब्याट्री चोरी गरी को.२ ह ३६१० नम्बरको अटो टेम्पोमा लादै गरेको अवस्थामा तीनै जनालाई समानसहित पक्राउ गरेको हो ।

अनुसन्धानको क्रममा वि.न. १ ह ००९३ नम्वर र को. १ ह ७८१८ नम्बरको दुई वटा सिटी सफारी समेत उनीहरुले चोरी गरेको खुल्न आएको प्रहरीले जनाएको छ । पक्राउ परेका उपर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

**बिर्तामोड नगरवासीमा अनुरोध**

***आदरणीय बुबाआमा, दाजुभाइ, दिदीबहिनी,***

**बैशाख ३० गते तोकिएको स्थानीय तहको निर्वाचन अन्तर्गत बिर्तामोड नगरपालिका वडा नं. ५को वडा सदस्य पदमा 'स्वतन्त्र नागरिक समाज'को तर्फबाट उम्मेदवारी प्रस्तुत गरिएको छ । यस बडामा भएका विविध समस्यालाई मनन गरेर स्वास्थ्य, शिक्षा, खानेपानी, सुरक्षा, स्वरोजगार र विकासका कार्यहरुलाई अग्र प्राथमिकतामा राखेर यस वडामा आइपर्ने समस्याहरुलाई सहज तरिकाले भेदभाव, पूर्वाग्रह नगरी काम गनर्ने प्रतिबद्धतासहित महेन्द्रप्रसाद खरेलको उम्मेदवार रहेका सहर्ष जानकारी गराइन्छ ।**

**हाम्रो चुनाव चिन्ह 'गुलाफको फूल' मा मतदान गरी खरेललाई विजयी गराइदिनुहुन अनुरोध गर्दछौं ।**



चुनाव चिन्ह



**महेन्द्रप्रसाद खरेल**

वडा सदस्य पदको उम्मेदवार

बिनपा-५, धिमाल चौक

**स्वतन्त्र नागरिक समाज**

| | | |
|---|---|---|
| **गठबहादुर खड्का** | **गोपीचन्द्र गिरी** | **लोकबन्धु कन्दङ्वा** |
| अध्यक्ष | प्रचारप्रसार प्रमुख | सल्लाहकार संयोजक |



# यी हुन् बिर्तामोड नगरपालिकाका उम्मेदवारहरु

पद : प्रमुख

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| पवित्रा देवी महतारा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| भोजराज सिटौला | नेपाली कांग्रेस |
| उदय गुरुङ | जनता समाजवादी पार्टी, नेपाल |
| ध्रुव कुमार उप्रेती | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| राज कुमार लावती | मंगोल नेशनल अर्गनाइजेसन |
| मन कुमार खुदाङ लिम्बु | आमूल परिवर्तन मसिहा पार्टी नेपाल |
| अंचल धिमाल | नेपाल लोकतान्त्रिक पार्टी |
| प्रज्वल अधिकारी शर्मा | मौलिक जरोकिलो पार्टी |
| केदार ढुंगाना | नेपाल परिवार दल |
| नगेन्द्र अधिकारी | स्वतन्त्र |

पद : उपप्रमुख

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| नगेन्द्र प्रसाद संगौला | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| चन्द्र प्रसाद कडरिया | नेपाल कम्युनिष्ट पार्टी (म. केन्द्र) |
| चीजा राई | महिला जनता समाजवादी पार्टी, नेपाल |
| तिर्थराज सिग्देल | नेपाल कम्युनिष्ट पार्टी (ए.समाजबादी) |
| निसासोनी कर्ण | विवेकशील साझा पार्टी |
| रञ्जु प्याकुरेल | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| अमृता लावती | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च |
| रिता देवी शेर्मा | मंगोल नेशनल अर्गनाइजेसन |
| रोमा देवी निरौला (घिमिरे) | मौलिक जरोकिलो पार्टी |

पद : वडाध्यक्ष वडा नं. १

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| अग्नी प्रसाद पाण्डे | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| बलराम कार्की | नेपाली कांग्रेस |
| हेमराज श्रेष्ठ | लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल |
| केदारनाथ ओडारी | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| जनक खड्का | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| निकुञ्ज कुमार बस्नेत | स्वतन्त्र |

पद : सदस्यहरु वडा नं. १

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| टेक बहादुर अधिकारी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| योगचन्द्र आङवुहाङ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| राम कुमार राउत | नेपाली कांग्रेस |
| प्रकाश खतिवडा | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| भोज कुमार मास्के | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| पदम बहादुर थापा क्षेत्री | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : महिला सदस्यहरु वडा नं. १

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| यमुना देवी आचार्य | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| जया कुमारी अधिकारी | नेपाली कांग्रेस |
| सुशिला तिवारी | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| सुमित्रा अधिकारी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : दलित महिला सदस्यहरु वडा नं. १

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| कमला महरा दर्जी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| रनमाया सुनार रसाइली | नेपाली कांग्रेस |
| मिना कुमारी सार्की (भुजेल) | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| मीना विश्वकर्मा | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : वडाध्यक्ष वडा नं. २

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| किशोर कुमार पौडेल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| धर्मराज लक्सम्वा | नेपाली कांग्रेस |
| शंकर प्रसाद रिजाल | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : सदस्यहरु वडा नं. २

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| ओमनाथ गौतम | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| चेतन विमली | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| निमनारायण राजवंशी | नेपाली कांग्रेस |
| सुभास खनाल | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| एन कुमार राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| मिथुन राजबंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| सोनाहाङ राई | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च |

पद : महिला सदस्यहरु वडा नं. २

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| तिला गौतम | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| रेनुका ढकाल | नेपाली कांग्रेस |
| मुना देवी ढकाल | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : दलित महिला सदस्यहरु वडा नं. २

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| सर्मिला तिखत्री | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| विष्णुमाया सार्की | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| संगिता सुन्दास | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : वडाध्यक्ष वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| मदन बुढाथोकी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| प्रेम प्रसाद उप्रेती | नेपाली कांग्रेस |
| हरि नारायण चौधरी | जनता समाजवादी पार्टी, नेपाल |
| किरण प्रसाद पौडेल | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : सदस्यहरु वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| हरि प्रसाद बास्कोटा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| भागीमान लिम्बु | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| संजय कुमार शर्मा | नेपाली कांग्रेस |
| पूर्ण प्रसाद राजवंशी | नेपाली कांग्रेस |
| सुनिल सोरेन | जनता समाजवादी पार्टी, नेपाल |
| लाल बाबु शाह | जनता समाजवादी पार्टी, नेपाल |
| प्रभात मास्के | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| दिलिप राजवंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : महिला सदस्यहरु वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| धनसरी राजवंसी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| जनक कुमारी राना मगर | नेपाली कांग्रेस |
| रञ्जु चौधरी | जनता समाजवादी पार्टी, नेपाल |
| रुमीला राई मगर | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : दलित महिला सदस्यहरु वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| लक्ष्मि रोक्का सार्की | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| विष्णुमाया विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| कमला नेपाली | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : वडाध्यक्ष वडा नं. ४

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| राहुल कुमार शर्मा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| कुल प्रसाद संग्रौला | नेपाली कांग्रेस |
| शिवन सोराली मगर | जनता समाजवादी पार्टी, नेपाल |
| श्रीप्रसाद सिटौला | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| यज्ञराज प्रसाई | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| सुमित्रा श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) |
| हेम कुमार खड्का | स्वतन्त्र |

पद : सदस्यहरु वडा नं. ४

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| उमेश राउत | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| केशव कुमार श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| राजु राजवंशी | नेपाली कांग्रेस |
| गोपिकृष्ण अधिकारी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| रतन राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| महेन्द्र प्रसाद लिङ्देन | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| गणेश बहदुर भुसाल | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : महिला सदस्यहरु वडा नं. ४

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| रमादेवी राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सरिता मगर | नेपाली कांग्रेस |
| अमृता लिम्बु | जनता समाजवादी पार्टी, नेपाल |
| मान कुमारी थापा मगर | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : दलित महिला सदस्यहरु वडा नं. ४

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| निर्मला देवी सुनार | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| आशा परियार | नेपाली कांग्रेस |
| विष्णु दर्जि | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : वडाध्यक्ष वडा नं. ५

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| राजेन्द्र प्रसाद लिङ्देन | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| रोहित प्रसाई | नेपाली कांग्रेस |
| तिल बहादुर राई | जनता समाजवादी पार्टी, नेपाल |
| प्रकाश घिमिरे | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| हरि प्रसाद गौतम | नेपाल परिवार दल |

पद : सदस्यहरु वडा नं. ५

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| ओमभक्त सेडाई | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| दुर्गा प्रसाद शिवाकोटी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| दिनेश चौधरि | नेपाली कांग्रेस |
| धन बहादुर डागी | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| शर्ण कुमार लोवा | जनता समाजवादी पार्टी, नेपाल |
| लक्ष्मी प्रसाद तिमसिना | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| सेर बहादुर मादेन | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| महेन्द्र प्रसाद खरेल | स्वतन्त्र |

पद : महिला सदस्यहरु वडा नं. ५

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| शान्ता रोकाक्षत्री | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| पार्वती खतिवडा (चुडाल) | नेपाली कांग्रेस |
| दुर्गा खतिवडा | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : दलित महिला सदस्यहरु वडा नं. ५

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| मालती विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| हरी माया विश्वकर्मा | नेपाली कांग्रेस |
| सुमित्रा गजमेर | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : वडाध्यक्ष वडा नं. ६

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| बुद्धिराम भट्टराई | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सूर्य प्रसाद कन्दङवा | नेपाली कांग्रेस |
| टेक बहादुर पौडेल | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| राम लिम्वु | मंगोल नेशनल अर्गनाइजेसन |

पद : सदस्यहरु वडा नं. ६

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| खेमनाथ अधिकारी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| देवि प्रसाद नेपाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| जिवन वास्कोटा | नेपाली कांग्रेस |
| एन्विन्द्र खत्री | नेपाली कांग्रेस |
| पोलाहाङ साम्सोहाङ | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| श्रीप्रसाद चौधरी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| गजेन्द्र खड्का | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| लाल बहादुर विश्वकर्मा | मंगोल नेशनल अर्गनाइजेसन |
| कमल करुवा | मंगोल नेशनल अर्गनाइजेसन |

पद : महिला सदस्यहरु वडा नं. ६

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| आइतमाया लिम्वु शेर्मा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| गीता शर्मा (रेग्मी) | नेपाली कांग्रेस |
| भिम कुमारी दुलाल | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) |
| सीतादेवी बास्कोटा | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : दलित महिला सदस्यहरु वडा नं. ६

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| पदम कुमारी दियाली | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सोभा विश्वकर्मा | नेपाली कांग्रेस |
| विष्णुमाया दर्जी | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : वडाध्यक्ष वडा नं. ७

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| कृष्ण प्रसाद खरेल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| कृष्ण प्रसाद लिम्बु | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| इसराइल हक मिया | विवेकशील साझा पार्टी |
| नवराज भट्टराई | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : सदस्यहरु वडा नं. ७

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| लक्षिमा खतिवडा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| खडानन्द निरौंला | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| वीर वहादुर लिम्बु | नेपाली कांग्रेस |
| पारसमणी दुलाल | नेपाली कांग्रेस |
| मेशु मालपहाडिया | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| ज्ञानेन्द्र ओली | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| वासुदेव ढुंगाना | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| गजेन्द्र लावती | स्वतन्त्र |
| समिर टुडु | स्वतन्त्र |

पद : महिला सदस्यहरु वडा नं. ७

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| मन कुमारी लिम्बु | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| मिठुमाया आचार्य | नेपाली कांग्रेस |
| अनिता खत्री | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| गंगा देवी दुलाल | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : दलित महिला सदस्यहरु वडा नं. ७

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| हिमलता विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सिता चर्माकार | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| सुकमती खाती | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : वडाध्यक्ष वडा नं. ८

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| विष्णु प्रसाद भट्टराई | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| चिरन्जीबी कार्की | नेपाली कांग्रेस |
| कृष्ण विष्ट | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| अजय कार्की | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : सदस्यहरु वडा नं. ८

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| खिलेश्वर दाहाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| दिपक मिश्र | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| धर्मेन्द्र सिटौला | नेपाली कांग्रेस |
| तारा प्रसाद विमली | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| सोयालाल राजबंशी | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| अग्नी प्रसाद सिटौला | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : महिला सदस्यहरु वडा नं. ८

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| मन कुमारी राजवंशी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| सरस्वती खतिवडा | नेपाली कांग्रेस |
| इन्दिरा पाण्डे | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : दलित महिला सदस्यहरु वडा नं. ८

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| समृता दर्जी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| लिला विश्वकर्मा | नेपाली कांग्रेस |
| लक्ष्मी नेपाली | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : वडाध्यक्ष वडा नं. ९

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| हरि प्रसाद चौलागाई | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| मन प्रसाद सुब्बा लिम्बु | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| कर्ण बहादुर कार्की | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| दिपेन राई | मंगोल नेशनल अर्गनाइजेसन |
| जयराज ढकाल | स्वतन्त्र |
| भिष्म बहादुर कार्की | स्वतन्त्र |

पद : सदस्यहरु वडा नं. ९

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| चन्द्र प्रसाद दंगाल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| केशव बुढाथोकी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| गोबिन्द प्रसाद राजबंशी | नेपाली कांग्रेस |
| श्री प्रसाद पाठक | नेपाली कांग्रेस |
| बाल कृष्ण आले मगर | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| पुन्न बहादुर बस्नेत | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| कर्ण बहादुर मगर | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| सहदेव थपलिया | नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) |

पद : महिला सदस्यहरु वडा नं. ९

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| सल्पना राजबंशी | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| चन्द्रकला तामाङ | नेपाली कांग्रेस |
| कमली देवी तामाङ | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : दलित महिला सदस्यहरु वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| संगिता सिवा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| नानीमाया लकान्द्री | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| विमला विश्वकर्मा | राष्ट्रिय प्रजातन्त्र पार्टी |

पद : वडाध्यक्ष वडा नं. १०

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| रिमानध्वज सुब्वा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| दुर्योधन गुरुङ | नेपाली कांग्रेस |
| राजेश देवान | जनता समाजवादी पार्टी, नेपाल |
| रामप्रकाश राई | मंगोल नेशनल अर्गनाइजेसन |
| कृष्ण प्रसाद उप्रेती | उन्नत लोकतन्त्र पार्टी |

पद : सदस्यहरु वडा नं. १०

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| प्रेम बहादुर पौडेल | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| पञ्चधन राई | नेपाली कांग्रेस |
| खुवराज भट्टराई | नेपाली कांग्रेस |
| पुरन थेगिम लिम्बु | नेपाल कम्युनिष्ट पार्टी (मा. केन्द्र) |
| देवी प्रसाद दंगाल | नेपाल कम्युनिष्ट पार्टी (ए. समाजबादी) |
| प्रिथी वहादुर वस्नेत | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| बाल कुमार राई | मंगोल नेशनल अर्गनाइजेसन |

पद : महिला सदस्यहरु वडा नं. ९

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| गीता घिमीरे | नेपाल कम्युनिष्ट पार्टी (एमाले) |
| धन माया श्रेष्ठ | नेपाली कांग्रेस |

पद : दलित महिला सदस्यहरु वडा नं. ३

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र |
|---|---|
| दिपिका सिवा | नेपाली कांग्रेस |
| पुर्णिमा लाम्गादे(विश्वकर्मा) | राष्ट्रिय प्रजातन्त्र पार्टी |


## सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धी सूचना

भद्रपुर नगरपालिका वडा नं. ९, झापा जिल्लास्थित CTC Tea, Green Tea & Orthodox Tea उत्पादन गर्ने उद्देश्य रहेको क्लासिक तराई टी इण्डष्ट्रिज प्रा.लि.को तयार गरिने प्रारम्भिक वातावरणीय परीक्षण (आईईई) प्रतिवेदन उपर मिति २०७९।०१।२१ गते दिनको ११ बजे उद्योग स्थलमा सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई कार्यक्रम हुन गइरहेको हुँदा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

आयोजक: **क्लासिक तराई टी इण्डष्ट्रिज प्रा.लि.,**

फोन नं. ०२३-४५५२३७, ९८५२६७८७३६


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

**सम्पादकीय**

## स्थानीय निर्वाचन र शिक्षा

**सत्तारुढ गठबन्धनका तर्फबाट देशभरका स्थानीय तहमा सामुहिक उम्मेदवारी दिइएको छ । यही बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनका लागि केन्द्रको निर्देशन अनुसार जिल्ला समितिहरुले स्थानीय आवश्यकता र औचित्यका आधारमा गठबन्धन गरेका छन् । तर, त्यसको औचित्य आउने निर्वाचनको नतिजाले प्रमाणित गर्नेछ । कतिपय जिल्लाका स्थानीय तहमा गठबन्धन नै विवादको कारण पनि बनिएको छ । यद्यपि निर्वाचनको दिनसम्ममा विवाद साम्य हुने अनुमान त गरिएको छ । बहुदलीय शासन पद्धतिमा गठबन्धनको निर्देशनलाई निर्दलीय चरित्र भन्न थालिएको छ । तर, विगतको सरकारको निरंकुश व्यवहार र अप्रजातान्त्रिक निर्णयको गठजोर गर्न बाध्य राजनीतिक दलहरुलाई अहिले गठबन्धनको विकल्प पनि थिएन ।**

**स्थानीय सरकार जनताको सेवा घर–घरमै पुऱ्याउनका लागि हो । त्यही भएर घर–घरमै सिंहदरवार भन्न थालिएको पनि छ । त्यसैले जनताले आफ्नो सेवासुविधाको सहजता र सुनिश्चितताका लागि योग्य, सक्षम र सेवानिष्ठ प्रतिनिधि चयन गर्नुपर्छ । स्थानीय तहमा जनताको प्रतिनिधि हुन इच्छा जाहेर गर्दै देशभर उम्मेदवारी दिइसकेका छन् । झापामा पनि पन्ध्र वटा स्थानीय सरकारमा सामेल हुन धेरै उम्मेदवारी दिइसकेका छन् भने ती मध्ये एक सय बयालीस जनाले पूर्व निर्धारित समयभित्र मनोनयन फिर्ता पनि लिएका छन् । उम्मेदवारी दिएको दुई दिनमै फिर्ता लिनेहरुको सूचीले उनीहरु विज्ञापित हुन मात्रै खोजेको देखाएको छ ।**

**अन्तिम नामावली नआएसम्म उम्मेदवारको टुंगो लागेको मान्न सकिन्नँ । जो मन, वचन, कर्म र निर्णयले उम्मेदवार भएका हुन् तिनीहरु प्रतिबद्धतापत्रसहित मतदाताको घरदैलो गर्दैछन् । दल गठबन्धन वा स्वतन्त्र जुनसुकै हैसियतले उम्मेवारी दिएको भए पनि मतदाताको मन नजिति मत पाइँदैन र सर्वाधिक मत नपाई निर्वाचन जित्न पनि सकिँदैन । यद्यपि हाम्रा निर्वाचन पैसा, पद, प्रतिष्ठा र बाहुबलबाट प्रभावित हुने गरेको छ, तर त्यस्तो मान्यतालाई खारेज गर्न मतदातामा सचेतना र मतदाता शिक्षा आवश्यक हुन्छ । नागरिक समाज र अगुवाहरु शिक्षा र सचेतनाका लागि अघि सर्नु आजको आवश्यकता हो । निर्वाचनको मिति नजिक आएसँगै आयोग, जिल्ला प्रशासन कार्यालय, अधिकारवादी संस्था, नागरिक समाज र अगुवाहरुले यसतर्फ बढी संवेदनशील बन्नुपर्छ ।**

# यसरी हुन्छ वित्तीय संकट न्यूनीकरण

सुनिता नेपाल (सुवेदी)

दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को सदस्य राष्ट्र श्रीलङ्काको हालको आर्थिक स्थितिले अन्य राष्ट्र पनि सतर्क हुनुपर्ने अवस्था सिर्जना भएको छ। केही दशक अघिसम्म श्रीलङ्काको अवस्था दक्षिण एसियामा समुन्नत र बलियो मानिन्थ्यो। जहाँ सन् २००३ देखि २०१२ सम्म लगभग सात प्रतिशतको आर्थिक वृद्धिदर कायम थियो। प्रतिव्यक्ति आय उच्च थियो, तर अहिले यही देश गहिरो आर्थिक सङ्कटमा फसेको छ। तीन वर्ष अघिसम्म पनि राष्ट्रपति राजापक्षेले यस्तो सङ्कटको कल्पना गर्नुभएको थिएन।

श्रीलङ्काको वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोत पर्यटन व्यवसाय रहेको र सन् २०१५-१६ पछिको आतङ्कवाद तथा सन् २०१९ को कोरोनाको महामारीले यो व्यवसाय सङ्कटमा पर्दै गएकाले विदेशी मुद्राको सञ्चितिमा बिस्तारै ह्रास आउन थाल्यो। प्रत्यक्ष वैदेशिक लगानीमा निरन्तर कमी हुँदै जानु, रुस र युक्रेनबीचको युद्धले मुद्रास्फीति उच्च हुँदै जानु, चीन लगायत अन्य अन्तर्राष्ट्रिय मुलुकबाट उच्च ब्याजदरमा लिइएको ऋण तिर्न नसक्नुका कारणले विदेशी मुद्राको सञ्चितिमा दबाब पर्न थाल्यो। जसले गर्दा मलको आयात समेत रोक्नुपर्ने अवस्था सिर्जना भयो। यसको प्रत्यक्ष असर प्रमुख निर्यात बालीमा पऱ्यो। हाल श्रीलङ्कामा दैनिक सात-आठ घण्टासम्मको लोडसेडिङ भइरहेको छ। जसले उद्योग व्यवसायलाई ठप्प पारेको छ। बाध्यतावश श्रीलङ्काले आफ्नो मुद्राको अवमूल्यन गर्नुपर्ने अवस्था आइपरेको छ, यसले आयात झन् महँगो हुँदै गइरहेको छ।

विदेशी मुद्रा सञ्चितिको अभावमा श्रीलङ्कामा स्कूल र कलेजको परीक्षा समेत सञ्चालन गर्न नसकेको, अत्यावश्यक वस्तुको उपभोगमा समेत जटिलता आएको, भोकमरी बढेको जस्ता घटनाले हाम्रो देशका नागरिक पनि त्यस्तै अवस्था त आउँदैन भनेर सशङ्कित हुन थालेका छन्। आयातका लागि डलर खर्च गर्नुपर्ने अवस्था श्रीलङ्कालाई मात्र होइन, अन्य देशलाई पनि उत्तिकै छ। श्रीलङ्काको कुल राष्ट्रिय ऋण जीडीपीको १११ प्रतिशत रहेको (झन्डै ७० विलियन) तर नेपालमा यस्तो ऋण ४०.५ प्रतिशत मात्र रहेको मुद्रास्फीति पनि नेपालमा ७ प्रतिशत मात्र रहेको र श्रीलङ्कामा २५ प्रतिशत बढी रहेको छ। त्यस्तै नेपालसँग हाल १२ खर्बभन्दा बढी विदेशी मुद्राको सञ्चिति रहेको जसबाट झन्डै छ महिनाका लागि आयात धान्न पर्याप्त रहेको आँकडा छ।

यो अवस्थामा सावधानीका उपाय नअपनाए गम्भीर आर्थिक सङ्कट नआउला भन्न सकिँदैन। सरकारले विदेशी विनिमय सञ्चितिमा परेको दबाबलाई कम गरी वित्तीय सङ्कटको न्यूनीकरणको उपाय अवलम्बन गर्दै आयातमा नियन्त्रण तथा कडाइ गर्न खोजेको छ। त्यस्तै रेमिट्यान्स भित्र्याउन हाउजिङ नियमावली पारित गरी विदेशी लगानी भित्र्याउन, गैरआवासीय नेपालीलाई डलर खाता खोल्न गरिएका पहलले केही आशावादी हुने अवस्था देखिए पनि यसबाट तत्कालीन असहज अवस्थाको हल हुने अपेक्षा त गरिएको छ। तर, यसका लागि दीर्घकालीन रूपमा समस्या समाधानका लागि वैदेशिक मुद्रा प्रवाह रोक्ने र त्यसको आप्रवाह बढाउने दीर्घकालीन रणनीति गरिनुपर्छ।

हाम्रो जस्तो आयातमुखी अर्थतन्त्रमा त विदेशी मुद्रा सञ्चिति अत्यन्त आवश्यक छ। कोभिडले धराशायी पर्यटन व्यवसाय, रेमिट्यान्स प्रवाह तथा वैदेशिक लगानीमा कमी, उच्च व्यापार घाटा आदि कारणले अहिलेको अवस्थामा अर्थतन्त्रमा सहजता ल्याउनु चुनौतिपूर्ण छ। विदेशी मुद्रा आर्जनको भरपर्दो स्रोत निकासी व्यापार पनि हो। तर, हाम्रो देशमा आयातको तुलनामा निर्यात १० प्रतिशत पनि छैन। वैदेशिक रोजगारीले कृषिमा जनशक्ति अभाव, अनधिकृत रूपमा जमिनको प्लटिङ, उपभोग्य वस्तुको खपतमा वृद्धि, कृषिमा नयाँ प्रविधि र ज्ञानको अभाव, उन्नत मल बीऊ समयमै किसानसम्म पुग्न नसक्नु आदि कारणले मुलुकमा खाद्यान्नको परनिर्भरता समेत बढ्दै गइरहेको छ।

तसर्थ, आफ्नै देशमा उत्पादन गर्न सकिने खाद्यवस्तुको आयातमा प्रतिबन्ध लगाई स्थानीय उत्पादनलाई व्यवसायीकरण गरिँदै लगिनुपर्छ। त्यसैगरी पेट्रोलियम पदार्थको आयातमा नेपालले बर्षेनि लगभग तीन विलियनभन्दा बढी डलर खर्चिनु परेको छ। जसका लागि वैकल्पिक ऊर्जाका स्रोत पहिचान गरी पेट्रोलियम पदार्थको आयातलाई न्यूनीकरण गर्न सकेमा मात्र पनि ठूलो विदेशी रकम जोगाउन सकिन्छ।




चीन, भारत लगायत अन्य धेरै एसियाली राष्ट्रले समेत पछिल्लो तीन दशकमा तीव्र आर्थिक वृद्धिदर हासिल गरिसकेका छन्। तर, नेपालको आर्थिक वृद्धिदर सुस्त छ। केही वर्ष अघिसम्म गरीब राष्ट्रका रूपमा चिनिएको छिमेकी मुलुक बङ्गलादेश उच्च आर्थिक वृद्धिदरको लक्ष्य लिएर अगाडि बढेको छ र विगत एक दशकदेखि औसत वार्षिक छ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्न सफल पनि भएको छ। निर्यातमुखी उत्पादन उद्योगलाई प्राथमिकतामा राखी कृषि तथा औद्योगिक क्षेत्रलाई विविधिकरण गर्दै आत्मनिर्भर बन्दै गइरहेको छ।

फलस्वरूप सन् २०३१ सम्म उच्च मध्यम आय भएको देश तथा सन् २०४१ सम्म उच्च आय भएको विकसित देशको परिचय बनाउने लक्ष्य लिएर अघि बढिरहेको छ। जसका लागि यातायात, सडक, विशेष आर्थिक क्षेत्र, बन्दरगाह आदि भौतिक पूर्वाधार लगायत ऊर्जा क्षेत्रको विकासमा बृहत् योजनासहित तीव्ररूपमा लगानी बढाएको छ।

जसबाट देशमै स्वदेशी उद्योग र रोजगारीमा अभिवृद्धि गर्न सफल भएको छ। त्यस्तै बजार निर्देशित ग्रामीण वित्त सेवाको विस्तार गरी लघु कर्जामा आम नागरिकको पहुँच विस्तार गर्दै कर्जा आपूर्तिमा वृद्धि गरी स्वरोजगारमा टेवा पुऱ्याउन सकेको छ। यसरी विभिन्न उपाय अवलम्बन गरी बङ्गलादेशले छोटो अवधिमा आर्थिक तथा सामाजिक रूपान्तरण गर्न सफल भएको छ।

नेपालले बङ्गलादेशले लिएको बाटो पछ्याउन सकेको छैन। पुँजीगत बजेट साँघुरिँदै गएको छ। त्यसको एकतिहाइ पनि समयमै खर्च हुन नसक्दा पूर्वाधार निर्माणले गति लिन सक्दैन। जसले गर्दा रोजगारी उत्पादन र आम्दानीमा वृद्धि हुन सक्दैन। आर्थिक वर्षको अन्त्यतिर मात्र पुँजीगत खर्चको व्यापकता बढेर जाने गलत प्रवृत्तिको अन्त्य हुन नसक्दा दिगो पूर्वाधार निर्माण हुन सक्दैन। राजनीतिक नेतृत्वबीचको आपसी असमझदारी, असमन्वय, कमजोर सहकार्यका कारण प्रारम्भ भएका विकास निर्माणका काम पनि अलपत्र परेका छन्।


राज्य व्यवस्था सञ्चालनका लागि सरकारको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने कर्मचारीतन्त्र राज्य सञ्चालनको मेरुदण्ड हो। राज्य सञ्चालनका लागि दक्ष, योग्य, कामप्रति निष्ठावान्, व्यावसायिक कर्मचारीको आवश्यकता पर्छ। तर, राजनीतिक क्षेत्रको अनावश्यक हस्तक्षेप र दलगत स्वार्थमा केन्द्रित भई सिद्धान्त विपरीतको हस्तक्षेपले कर्मचारीतन्त्र जनताप्रति उत्तरदायी नभई शासकप्रति उत्तरदायी भएको छ। कर्मचारीतन्त्र र राजनीतिक सीमारेखा प्रस्ट छैन। वृत्ति विकास, स्थानान्तरण जस्ता कुरामा राज्य केन्द्रीकरण भई आफ्नो शक्ति खर्चिरहेको छ। वृत्ति विकासमा योग्यता, क्षमता, इमानदारी जस्ता कुराको अवमूल्यन भइरहेको छ। जसले गर्दा आर्थिक चलखेल र भ्रष्टाचारले प्रश्रय पाइरहेको छ।

दलीय स्वार्थ र राजनीतिक हस्तक्षेपले कर्मचारीलाई कामप्रति निष्ठावान् बनाउन सक्दैन। जिम्मेवारीबोध नगर्ने, व्यक्तिगत स्वार्थअनुरूप काम गर्ने, अनियमितता र भ्रष्टाचारमा रमाउने कर्मचारीले सङ्गठनको साख जोगाउन सक्दैनन्। भ्रष्टाचार र कुशासनबाट पीडित पाकिस्तानबाट समेत नेपालले बेलैमा पाठ सिकी निजामती सेवा होस् या सुरक्षा निकाय वा अन्य कुनै पनि गैरराजनीतिक संस्थालाई प्रतिबद्धतासहित काम गर्न स्वतन्त्र छोडिनुपर्छ।

प्रजातन्त्रको आफ्नै निश्चित मूल्य-मान्यता, विधि र पद्धति हुन्छ। तर, यही प्रजातन्त्रले राम्ररी काम गर्न नसक्दा देश आत्मनिर्भरको बाटोमा डोरिन सकेन। देशमा चुनाव नजिकिँदो छ। आर्थिक सूचकाङ्क सकारात्मक छैनन्। तसर्थ, देशलाई आत्मनिर्भरताको बाटोतर्फ लैजान सक्ने नीतिगत, संस्थागत र संरचनागत सुधार गर्न सक्ने सक्षम नेतृत्व चुनौं। यस विषयमा बहस थालौं।

राजनीतिक दलहरू परिवर्तनका वाहक हुन्। संस्थाका सारथी हुन्। रातारात नेपाललाई सिङ्गापुर र स्वीजरल्यान्ड बनाउने भ्रम छर्ने, आश्वासन दिने, अध्ययन अनुसन्धान बिनाका खोक्रा सपना बाँड्ने नेता होइन, व्यवहारपरक, भ्रष्टाचार नियन्त्रण गर्न सक्ने, जनताप्रति उत्तरदायी हुने र सुशासनको अनुभूति दिन सक्ने योग्य नेता चुनौं। देशलाई आत्मनिर्भर बनाउन सक्ने नेताको टड्कारो आवश्यकता छ। व्यक्तिगत स्वार्थलाई होइन, राष्ट्रिय स्वार्थलाई सर्वोपरि ठान्ने नेतृत्व चुनौं। देशलाई सही दिशा निर्देश गर्न सक्ने सक्षम नेतृत्व चुनौं। *गोप*

# देशमा सच्चा नेताको आवश्यकता



राम घिमिरे

संसारमा जति पनि युग परिवर्तनहरु देखिए। तिनको विकासका बाटाहरु र बाटामा हिँड्ने तौरतरिकाहरु पनि फरक-फरक थिए। महापुरुष महात्मागान्धीले भन्नुभएको थियो- प्रत्येक मानवको मन अनि चिन्तन बद्लिनुपर्छ तबमात्र विकासमा परिवर्तन आउन सक्छ। -मार्क्सको भनाइ थियो- यदि विकास गर्नुछ भने धनको हस्तान्तरण बदलिनुपर्छ।

त्यस्तै चीनका माओ भन्नुहुन्छ- यो विकास ता तब हुन्छ जब तनमा फेरबदल आउँछ। बिजुलीको पंखामुनि बसेर सुविधाका साथ कलम चलाउने र छिन-छिनमा कफी, चियाका निमित्त घण्टी किरिङ-किरिङ बजाउने विदेशी शिक्षा प्राप्त गर्ने उच्च पदस्थ अफिसरलाई जबर्जस्ती तनको मानमर्दन गर्न बाध्य तुल्याउने कम्युनिज्मा सुँगुरको खोर सफा गर्नसम्म पनि सक्षम हुन्छन्। कोइलाखानीका श्रमिकहरुले कोइलाखानीमा काम गर्दा पनि सचिवालयको अनुभव गर्छ। तब मात्र विकासका ढोका खुल्ने कुराहरु ठूला-ठूला महापुरुषहरुको भनाइ हो, यो नत्र कहाँ खुल्छ। माओको सांस्कृतिक क्रान्तिको मूल आशय आखिर त्यही नै थियो।

यो धरातलमा एक चौथाइ महापुरुषहरुको उदय भयो जसको नामको पहिलो अक्षर पनि सञ्जोगले 'म' नै थियो। मेगासेसे, मोहनदास, मार्क्स, माओ यी चार महापुरुषहरु जसले मानव समाजलाई परिवर्तन तथा विकासको फरक चारवटा बाटाहरु देखाएका छन्। प्रथमले मनलाई महत्व दिए भने दोस्राले धनलाई सर्वोपरि माने। तेस्राले तनलाई सर्वाधिक औसरदार ठाने र चौथा मेगासेसेले अघिल्लो जीवनकाल भाषण गर्नमा होइन।

किनकि अफिसको फाइल यताबाट उता घिसार्न पनि दुःख भएको अल्छी र बेइमानी कार्यालयका कर्मचारीहरु भाट पाए अनि घुसखोरीको बाटो मात्र पाए। विकासका पाटाहरुमा ढोका लागेको पाए। उनले समय यसै व्यतीत भएको पाए। देश लथालिङ्ग भएको पाए। उनी त साधारण क्लर्क मात्र थिए जो नियतिहरुको चाहना थियो। तिनीहरुसँग मेगासेसे घोलमेल हुन कदापि सकेनन् बरु विरोधमा उत्रिए।

उनी पछि त्यस देशको राष्ट्रपति बन्न पुगे। साम्यवादी गुरिल्लाहरुद्वारा लामो समयसम्म आक्रान्त भएको राष्ट्रलाई उनले यति ठूलो राहत दिएर विकसित राष्ट्रको रुपमा परिणत गरे। सारा संसार खुशी भयो त्यो उनको कार्यले। जनताले धन्यवाद नदिई बस्न सकेनन्। उनको जय-जयकार गरियो। यो कस्तो महापुरुष निस्कियो भने युवा मेगासेसे जसले जादुको लठ्ठी घुमायो, फिलिपिन्सको अर्थतन्त्र र राजनीतिमा यति छिट्टै आमूल परिवर्तन ल्यायो र धनधान्यताको शुरम्य प्रकाश फैलायो। 'आवश्यकता आवश्यकताको जननी' भन्या जस्तै जब जस्तो जरुरत पर्छ।

त्यस्तै युगान्तकारी नवनिर्माण राजनीतिको नेता पैदा हुन जरुरी हुन्छ। कृष्णले गीतामा भनेको झैं 'यदा-यदा हि धर्मस्य ग्लानिर्भवति भारत! देखि सम्भवाम युगेयुगे' कसैले बोलाउनु पर्दैन ऊ आफैं आउँछ। फिलिपिन्स दुर्दशामा जकडिएको ग्रस्त देश थियो भने त्यहाँका जनताहरु एक नयाँ बाटोको र नयाँ देश र देशको विकास अनि जनताको पिरमार्का बुझ्ने नेताको तलासमा थिए। उनीहरु भाषणकर्ता मात्र र राजनीति



गर्ने नेताहरुबाट वाक्क भइसकेका थिए र राम्रो कायकर्ता नेताको खोजीमा थिए। यस्तैमा अचानक मेगासेसे देखापरे र उनले पूरा नाम रैमान मेगासेसे थियो।

रैमान मेगासेसे सुरुमा स-साना सभाहरुमा भाषण गर्न थाले। शुरु-शुरुमा त्यति जमघट र भिड नभए पनि त्यहाँ स्रोताहरुको कमी थियो। किनकि त्यहाँका मानिसहरु भाषण सुन्दा-सुन्दा वाक्क हुन्थे र नेतालाई गाली गर्ने र सराप्ने मात्र हुन्थ्यो। त्यति वितृष्णा भएको थियो नेतादेखि। मेगासेसेले भाषण गर्दा त्यति लामो भाषण गर्दैनथे। अरुहरुको जस्तो मात्र उनी केवल जनताको गाँस, बास र कपासको परिपूर्तिको मात्र कुरा गर्थे। खेतबारीको चर्चा गर्थे। गाईगोठको कुरा गर्थे सिधा प्रश्न गर्थे। साह्रै सोच्नुहोस् सारा दुःखदर्दको जड कहाँ छ ? अपाङ्ग राज्य शासनमा यो लुकेको छ र हकवालाहरुको साम्यवादी गुरिल्ला दस्ताहरु जसका नेता थिए।

रैमन मेगासेसे उनी भन्छन्- 'जो तपाईहरुलाई खेतबारीमा काम गर्न दिँदैनन् र फ्याक्टरी जानबाट रोक्छन्। तपाईहरु भोकभोकै सुत्नुहुन्छ अनि तपाईका साना-साना छोराछोरीहरु भोकभोकै सुत्छन् अनि भोकैले मर्छन्। त्यस्ता कुराहरु मेगासेसेले दिएको भाषणमा जनतालाई ठूलो घत लागेर आयो। उनीहरुको मन छुने भाषण थियो त्यो अनि उनीहरु एकापसमा भन्ने गर्थे यो ठिटाले साँच्चिकै ठीक कुरा गऱ्यो। अरु नेताहरुको भन्दा फरक उसले गाँठी कुरा बोल्दैछ भन्न थाले। त्यसपछि दिनप्रतिदिन उनको भाषण महत्वपूर्ण बन्न थाल्यो। जनता उनका अगाडि झुम्मिन थाले। अब उनी फिलिपिन्सको एउटा नेता बन्ने पक्कापक्की थियो। उनको हिम्मत बढ्दै जान थाल्यो।

एकदिन उनी त्यहाँका राष्टपति बने र उनले ठूलो हाँकझाँक केही गरेनन्। केवल प्रशासनिक स्वरुप र विधिमा आद्योपान्त रुपान्तरणमा परिवर्तन ल्याए। यति अधिक परिवर्तन ल्याए कि घुस खानेहरुको जरैदेखि निर्मूल गरे। कार्यालयका फायलहरु छिटो-छरितो तरिकाले अगाडि बढ्न थाले। प्रहरी प्रशासनको ढिलासुस्ती छिटो-छरितो ढंगबाट चल्न थाल्यो। चुस्त र भेदभावमुक्त शासन प्रशासन ल्याउनुस् र शान्ति सम्पन्नताको आशनमा बस्नोस् यही उनको छोटो भनाई रहेको थियो।

३) केही समयमा हकवालाहरुको प्रभाव र ताकत घट्न थाल्यो। गुरील्लाहरु धमाधम आत्मसमर्पण गर्न थाले तथा चातुर्थ अमनचैन हुन थाल्यो। तर, जसरी कुनै युवतीको आशलाग्दो केटो भाग्यवस कहिलेकाहीँ 'जेठाजु परिदिन्छ' र विचरीको सारा खर्णीम सपना चकनाचुर हुन्छ। त्यसरी नै कुनै कुनै राष्ट्रको जीवनमा यदाकदा यस्ता दुर्दान्त समय पनि आइदिन्छ।

भरपर्दो खाइलाग्दो आँखामा नबिजाउने नेता कि त समयमै मर्छ कि शरीर असक्त हुन्छ। त्यस्तै रैमन मेगासेसेको हालत भयो। युवा मेगासेसे एकदिन अचानक प्लेन दुर्घटनामा परी मृत्यु भयो। जो नहुनु थियो त्यही भयो। नत्र भन्न सकिन्न कि फिलिपिन्सको वैभवता, सम्पन्नता अझ कति गुणा विकासले उग्ररुप लिइसकेको हुन्थ्यो। आज हाम्रो देशमा पनि एउटा मेगासेसेको उदय हुन जरुरी देखिएको छ। नेताहरु बिना कामका भाषण छाटेर जनतालाई गुमराहमा पार्ने भाषण गरेर अरु वितृष्णा फैलाउने काम गरिरहे।

४) तर, यहाँ त्यस्ता भाषणले जनतालाई काम न दिने भइसकेको छ। जनतालाई त अव गाँस, बास, कपासको कुराहरु हुनुपर्छ। तर, कुरा गरेर पेट भर्दैन यथार्थ हुनुपऱ्यो। त्यसैले त्यो गराउन गर्न जनताकै हातमा आएको छ। यसपालीको यो राम्रो मौका नगुमाइ राम्रो र असल देश र जनताका समस्या हेर्ने यथार्थ गणतन्त्रकै अनुभूति गराउने नेता जन्माउन जरुरी छ।

फिलिपिन्सको मेगासेसेले जस्तो नेता हाम्रो राष्ट्रलाई चाहिएको छ। होलान् त्यस्ता नेता कतै भए भेटे जनताले नछोडौँ विजय त्यस्तै मात्र अब सम्भव छ। अन्य भाषण र तुक्काबाजी गरी आफू मालामाल र जनता भोकभोकै पार्ने नेता अब तीन करोड नेपालीलाई चाहिएको छैन। देश बेचुवा नेताहरुको खाँचो नेपाली जनतालाई छैन। यस्तो नेताको खाँचो छ, जो देशलाई सच्चा, इमान्दार, देश र जनताको निम्ति मरिमेट्ने नेता चाहिएको छ।



**लालीगुराँसको प्रतिरूप** : तेह्रथुमको लालीगुराँस नगरपालिका-२ स्थित बसन्तपुर बजारमा रहेको राष्ट्रिय फूल लालीगुँरासको प्रतिरूप । त्यस क्षेत्रको लागि आकर्षणको केन्द्र बन्न पुगेको उक्त लालीगुराँसको प्रतिरूप अगाडि आन्तरिक तथा वाह्य पर्यटकहरू तस्वीर खिच्न लालायित देखिन्छन् । **तस्वीर : अमित खम्बू/पूर्वाञ्चल**

# माईमा चार मेयरसहित ४५ ले गरे उम्मेदवारी फिर्ता

**माई, बैशाख १७।** आगामी बैशाख ३० गते हुन लागेको स्थानीय तह निर्वाचनका लागि इलामको माई नगरपालिकामा-४ जना मेयर पदसहित ४५ जनाले उम्मेदवारी फिर्ता लिएका छन् ।

११ र १२ गते उम्मेदवारी दर्ता गरेकाहरुमध्ये शुक्रबार ४५ जनाले उम्मेदवारी फिर्ता लिएका हुन् । उम्मेदवारी फिर्ता लिनेहरुमा मेयरका चार जना, वडाध्यक्ष १५ जना, महिला सदस्य सात जना, दलित महिला सदस्य छ जना र वडासदस्य १३ जना रहेका छन् ।

उम्मेदवारी फिर्ता लिनेहरुमा गठबन्धन दलका तर्फबाट नेकपा एकीकृत समाजवादीका अनिलकुमार तामाङ, जनता समाजवादी पार्टीका टुपेन्द्रकुमार एक्तेन, स्वतन्त्र उम्मेदवारी दिएका भक्तबहादुर लुङ्गेली, गंगाराम काफ्ले (अर्जुन)ले उम्मेदवारी फिर्ता गरेका हुन् । लुङ्गेली नेकपा माओबादीमा मेयरका आंकाक्षी थिए भने काफ्ले नेपाली कांग्रेसका माई नगर कमिटी सचिव हुन् । गठबन्धन दलहरु बीच सहमति बन्न नसक्दा साँझ ७ बजेसम्म उम्मेदवारी फिर्ता लम्बिएको थियो ।

यता माई वडा नम्बर-२ मा वडा अध्यक्षमा नेकपा माओवादी केन्द्रका हरि प्रसाद चम्लागाँई र स्वतन्त्र बुद्धिमान लिम्बूले फिर्ता गरेका छन् । माई-३ बाट नेकपा माओवादी केन्द्रका तेजबहादुर घिमिरे र स्वतन्त्र शेरबहादुर लिम्बूले फिर्ता लिएका छन् । लिम्बू २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाली कांग्रेसबाट निर्बाचित सोही वडाका वडाध्यक्ष हुन् । माई-४ बाट भुपालबहादुर सिञ्जालीले समेत उम्मेदवारी फिर्ता लिएका छन् ।

सिञ्जाली एमालेकाबाट वडाध्यक्षको आंकाक्षी थिए । माई-५ बाट नेकपा



माओवादी केन्द्रका यदुनाथ दुलाल, जनता सामाजवादीका शुकराज राई र स्वतन्त्र केशरबहादुर राईले उम्मेदवारी फिर्ता लिएका छन् । राई एमाले नेकपा एमालेबाट निर्वाचित निबर्तमान वडासदस्य समेत हुन् । माई-६ बाट नेकपा माओवादी केन्द्रका चक्रबहादुर कटुवाले, माई बाट-८ नेकपा माओवादी केन्द्रका मदनकुमार लिम्बू लोक्तामले उम्मेदवारी फिर्ता गरेका छन् ।

त्यस्तै माई-९ बाट नेकपा माओवादी केन्द्रका सोमनाथ घिमिरे, जनाता समाजवादी पाटीका दुर्गादेबी लिम्बू रस्वतन्त्र जीतबहादुर लावतीले फिर्ता गगरेका छन् भने माई-१० बाट नेकपा माओवादी केन्द्रका कमलबहादुर राई र स्वतन्त्र मनबहादुर बस्नेतले फिर्ता लिएका छन् ।

त्यस्तै उम्मेदवार फिर्ता गर्ने सदस्यहरुमा माई-२ बाट आईतमाया विश्वकर्मा (नेका), तुलसा बाँस्तोला गौतम (माओबादी), कालीबहादुर लिम्बू (माओवादी), रामबहादुर थापा (माओवादी) रहेका छन् ।

माई-३ बाट मीनादेवी दमाई (नेका), शर्मिला केरुङ (माओवादी), ईश्वरीमाया राई (नेका) र सोमबहादुर बस्नेत (माओबादी) रहेका छन् । माई-५ बाट सीतादेवी दमाई (नेका), सोफिया लिम्बू (स्वतन्त्र), सीताकुमारी राई (नेका), उमा चेम्जोङ (माओबादी), हस्तदाश राई (नेका), दिलबहादुर मगर (जसपा), जसबहादुर लिम्बू (माओबादी) र प्रकाश तामाङ (माओवादी) रहेका छन् ।

माई-८ बाट प्रचना परियार र महेन्द्र थापा(नेका) रहेका छन् । माई-९ बाट रामकुमारी विश्वकर्मा (माओवादी), बिल्लीमाया तामाङ (माओवादी), केशरसिंह तामाङ (नेका) र तीर्थबहादुर लिम्बू साउदेन(नेका) रहेका छन् । माई-१० बाट तीर्थकुमारी सार्की (नेका), अम्विका बानियाँ (माओवादी), भीमबहादुर राई(नेका) र गीताकुमार ढकाल (माओवादी) रहेका छन् ।

# घर-घरमा उम्मेदवार

**इलाम, बैशाख १७।** सरकारले आगामी बैशाख ३० गतेका लागि स्थानीय तहको निर्वाचन घोषणा गरेको छ ।

उम्मेदवारले आफ्नो मनोनयन समेत दर्ता गराइसकेका छन् । निर्वाचन कार्यालयले उम्मेदवारको अन्तिम नामावली समेत प्रकाशित गरिसकेको छ । केही ठाउँमा दुई वा दुईभन्दा बढी उम्मेदवारको मनोनयन पत्र दर्ता नभएपछि केही उम्मेदवार निर्वाचित समेत बनी सकेका छन् ।

पछिल्लो समय उम्मेदवार र राजनीतिक दलका प्रतिनिधि जनताको घरघरमा मत माग्न व्यस्त छन् । जिल्लामा १७ वटा निर्वाचन कार्यालयमा दर्ता भएका दलले चुनाव लड्न पाउने छन् । वडा र पालिकामा जनप्रतिनिधि चुन्नका लागि यहाँका मतदाता समेत लालायित भएका छन् ।

यसअघिका निर्वाचनमा भन्दा मतदाता समेत यस पटकको चुनावमा आफूलाई नयाँ के हुन्छ भनेर सोध्न समेत थालेका छन् । विकास निर्माणका काम निकै कम भएको यसअघि पनि यस्तै हुन्छ कि नयाँ केही काम गरेर देखाउने योजना छन भन्ने प्रश्न उम्मेदवारसँग मतदाताले गरेका छन् ।

पार्टीप्रति आस्था राख्ने एकथरी युवा तथा मतदाता आफूले समर्थन गरेको दललाई नै अघि सारेर हिँडे पनि धेरै मतदाता राम्रा उम्मेदवार छान्न लाग्ने बताउँदै आएका छन् । इलाम नगरपालिका-२ सुम्बेकका किशोर खतिवडा यसपटक पहिलो पटक मतदान गर्दै छन् । उनले हाम्रालाई भन्दा पनि राम्रा उम्मेदवारलाई जिताउने अठोट लिएका छन् ।

जितेर गाउँघर नपुगेका जनप्रतिनिधिदेखि नयाँ अनुहारसहित जनताको घरआगनमा विभिन्न आश्वासनसहित पुग्न थालेको मतदाताको भनाइ छ । यसअघिका चुनावमा नेताले धेरै आश्वासन देखाए पनि दिएका धेरै आश्वासन पूरा हुन सकेनन् । जनताले अब भने पूरा गर्नसक्ने खालका घोषणापत्र मात्र निर्माण गर्न राजनीतिक दल तथा उम्मेदवारलाई आग्रह गर्दै आएका छन् । जिल्लामा पालिकास्तरका घोषणापत्र सार्वजनिक हुन थालिसकेका छन् ।

राजनीतिक दल तथा प्रशासनले समेत जनतालाई ढुक्क भएर मतदानको व्यवस्था मिलाउन लागि परेका छन् । जिल्लामा दुई लाख २४ हजार सात सय ४८ मतदाता रहेका छन् । जसमा एक लाख १५ हजार सात सय ५४ पुरुष र एक लाख नौ हजार एक सय ९२ जना महिला मतदाता रहेको मुख्य निर्वाचन अधिकृतको कार्यालले जानकारी दिएको छ । जिल्लामा एक सय ५१ मतदान स्थल र दुई सय ८५ मतदान केन्द्र रहेका छन् ।

# बाह्रदशीमा चुनावी अभियान तीव्र

**बिर्तामोड, बैशाख १७।** नेकपा एमाले बाह्रदशीका उम्मेदवारहरु घरदैलो गर्दै सूर्यमा भोट माग्न थालेका छन् ।

अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षसहितका उम्मेदवारहरु घरदैलौ अभियान मार्फत मतदाता भेटघाटमा जुटेका छन् । मनोनयन दर्तापछि निरन्तर घरदैलो अभियान सञ्चालन गरिहरेका उम्मेदवारहरुले बाह्रदशीको विकासका लागि एमालेलाई मतदान गर्नुपर्ने भन्दै भेटघाटलाई सक्रिय बनाएका छन् ।

नेकपा एमालेको तर्फबाट गाउँपालिका अध्यक्षमा देवेन्द्र चम्लागाँई, उपाध्यक्षमा शान्ता खरेल उम्मेदवार बनेका छन् । उनीहरुले बाह्रदशी हरेक दृष्टिकोणपछि परेको भन्दै अबको नेतृत्व एमालेका उम्मेदवारहरुले गर्ने बताएका छन् । बाह्रदशीको विकासलाई नमूना बनाएर देशभरमै उत्कृष्ट गाउँपालिका बनाउने योजनासहित उम्मेदवारहरु मतदाता भेटघाटमा सक्रिय भएका छन् ।

उम्मेदवारहरुले वडा नं. २ का मतदातालाई भेट गरिसकेका छन् भने अहिले वडा नं. ३ को घरदैलो अभियान जारी रहेको छ । घरदैलो अभियानमा स्थानीय नेतादेखि केन्द्रीयस्तरका नेताहरुको सहभागिता रहेको छ । एमालेको घरदैलो अभियानमा सर्वसाधारण नागरिकको उत्साहजनक सहभागिता रहेको थियो ।

# स्रोत नखुलेको १६ लाखसहित पक्राउ

**झापा, बैशाख १७।** प्रहरीले काठमाडौंको माछा पोखरीबाट स्रोत नखुलेको रु. १६ लाखसहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउपर्नेमा चितवनको भरतपुर महानगरपालिका-११ घर भई हाल तनहुँको बन्दीपुरका ३१ वर्षीय दीपेन्द्र सुनार र भारत महाराष्ट्र घर बताउने वर्ष ३३ का सागर यादव रहेका छन् ।

सडकमा शङ्कास्पदरुपमा हिँडीरहेको अवस्थामा सुरक्षा जाँच गर्दा उनीहरुबाट स्रोत नखुलेको रु. १६ लाख रकम बरामद गरिएको छ । उक्त घटनाका सम्बन्धमा प्रहरीवृत्त बालाजुबाट थप अनुसन्धान भइरहेको जनाइएको छ ।

# मलेसियामा कार्यरत नेपालीको पारिश्रमिक बढाउन प्रस्ताव

**झापा, बैशाख १७।** नेपालले मलेसियामा कार्यरत नेपाली श्रमिकको न्यूनतम् पारिश्रमिक वृद्धि गर्न प्रस्ताव गरेको छ ।

मलेसिया भ्रमणमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले त्यहाँका गृहमन्त्री हमजाह वीन जैनुदिनसँगको भेटका क्रममा मलेसियामा कार्यरत नेपाली सुरक्षा गार्डसहितको अन्य श्रमिकको पारिश्रमिक, सेवा तथा सुविधा वृद्धि गर्न प्रस्ताव गरेका हुन् ।

भेटमा मन्त्री श्रेष्ठले नेपाली सुरक्षा गार्डको मासिक पारिश्रमिक तीन हजार रिङ्गेट पुऱ्याउन प्रस्ताव गरेका थिए । सो क्रममा उनीहरुबीच नेपालमा सुरक्षा गार्ड सम्बन्धी तालिमको व्यवस्था गरी नेपाली युवालाई सीपयुक्त बनाई थप रोजगारीका



अवसर प्रदान गर्ने, शून्य लागतको सिद्धान्तलाई प्रभावकारी बनाउने, स्वास्थ्य, सामाजिक सुरक्षा, चौबिस घण्टे बीमा सुविधाको व्यवस्थाबारे छलफल भएको श्रम मन्त्रालयका सचिव एकनारायण अर्यालले जानकारी दिए ।

# कमलमा उम्मेदवारको घरदैलो कार्यक्रम

**कमल, बैशाख १७।** आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको मिति नजिकिँदै जाँदा दलहरुले प्रचार-प्रसारलाई तीव्रता दिएका छन् ।

जनवादी गीत गाउँदै, नाच्दै, रमाउँदै स्थानीय जनताले यसपाली मेयरसहित सबै पदमा सूर्य ध्वजावाहक उम्मेदवारहरुलाई जिताउने भन्दै नेकपा एमाले कमलले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र ३ नम्वर वडाका उम्मेदवारसहितको टोलीले मतदाताको घर-घरमा पुगेर मत मागेका थिए ।

आफूले २०३६ सालदेखि नै एमाले भएको र देश र जनताको भलो चाहने पार्टी नै एमाले भएकोले एमालेलाई मतदान गर्ने स्थानीय सुरेश गोर्खालीले बताए ।

गठबन्धनलाई दिँदा कुन चिन्हमा कसलाई दिने भन्ने तय नभएकोले आफूले एमालेलाई मतदान गर्ने स्थानीय लालगोपाल दंगालले बताए । प्रचार-प्रसारलाई तीव्रता दिने क्रममा कमल गाउँपालिकाको वडा नम्वर ३ को नौ वटै टोलका मतदाताको घर-घरमा पुगेर उम्मेदवारले मत मागेका थिए ।

छापाखाना
क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी
आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस्।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिस: ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

धेरैवटा गाडिबाट छिटो र सस्तो सेवाको लागि हामीलाई सम्झनुहोस
हाम्रो सेफ्टी ट्याङ्की तथा ढल सफाई
सम्पर्क:
9808705206
9863983668
9807930740
9827930240




ज्योतिष परामर्श सेवा
के तपाई आफ्नो जन्मकुण्डली (चिना) १२ राशी ९ ग्रह २७ नक्षत्र एवम् वास्तु शास्त्रमा विश्वास गर्नुहुन्छ ? तपाईको जीवनमा घट्ने घटना भाग्य, व्यापार, पढाई, विवाह, सन्तान, वैदेशिक यात्रा, घरमा भएको वास्तु दोष, कलह, क्लेश, बिरामी आदिको निदान उपायविधिद्वारा सम्पूर्ण रुपमा निराकरणको ग्यारेन्टी गर्नुको साथै शुलभ मूल्यमा चिना टिपन बनाइन्छ । अनलाइनबाट पनि जन्म कुन्डली चिना विश्लेषण गरिन्छ । कुन्डली विश्लेषण ९० भन्दा माथिको ग्यारेन्टी दिइन्छ ।
कश्यप पाण्डे बृहस्पति
दिव्य दृष्टि ज्योतिष एवम् वास्तु परामर्श सेवा
शनिश्चरे ट्याक्सी स्टेन भेटवाल मार्केट, बिर्तामोड, झापा
सम्पर्क : ९८२४०४४१६२, ९८६९६०६७८७

तापलेजुङ-पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३



चलिरहेको कपडा पसल बिक्रीमा
बिर्तामोडस्थित कृषिथोक बजारमा रहेको कपडा पसल बिक्रीमा छ ।
मूल्य २,१०,०००/- रहेको छ ।
सम्पर्क : ९८२५९५४१८३

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्कः ९८१४९९३७१२,९८४२६७७८५५, ९८२४९९०४६२,९७४५२६०८२५
नोटः आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।

पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा
– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

विशेषज्ञ डाक्टरहरूको सेवा
डा. अजय अग्रवाल
MBBS, MD
वरिष्ठ स्त्री तथा प्रसूती रोग विशेषज्ञ
प्रत्येक दिन बिहान : ८:३०–९:३०
बेलुका ५:००–६:०० बजेसम्म
डा. पिताम्बर ठाकुर
MBBS, MD
वरिष्ठ फिजीसीयन
प्रत्येक दिन बिहान : ११:००–१:००
दिउसो ३:००–५:०० बजेसम्म
अन्य सेवाहरू : हाडजोर्नी तथा नशा रोग, बालरोग, नाक, कान, घाटी रोग, छाला तथा यौनरोग, बाथरोग तथा टाउको तथा मानसिक रोगको विशेषज्ञ डाक्टरहरुद्वारा दैनिक सेवा उपलब्ध छ ।
नोटः यहाँ डिजिटल एक्स–रे, भिडियो एक्स–रे, इसीजी तथा आधुनिक प्याथोलोजी ल्यावको सेवा रहेको छ ।
सम्पर्कः ठाकुर पोलीक्लीनिक
बिर्तामोड, पश्चिम स्टेण्ट, फोन नं. : ०२३–५९०००८, ९८१७९६४७७९



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दूरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, सतर्क रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
मन अशान्त रहन सक्छ, पारिवारिक कारणले मनमा चिन्ता बढ्नेछ, व्यर्थको यात्रा गर्नुपर्नेछ, खर्चिलो योग रहेको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
बोल्दा विचार पुऱ्याउनुहोला, नयाँ वस्त्र प्राप्तिको योग छ, पराक्रममा वृद्धि होला, आफन्तजनको सहयोग प्राप्ति होला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नोक्सानी व्यहोर्नुपर्ला, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछ, मन प्रसन्न रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।